जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २७ २०८२ साल भदौ ३ गते मंगलबार (19 Aug 2025 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागुऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*Log in : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सूचना प्रविधि, सुशासन ... ३ पृष्ठमा : तयार भए ऐतिहासिक ... ३ पृष्ठमा : जेलेन्स्कीले चाहेमा ...

## "गौर हत्याकाण्ड"

# सर्वोच्चको आदेश बिरुद्ध जसपा नेपाल सप्तरीद्वारा बिरोध प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २ भदौं ।**

सर्वोच्च अदालतले गौर हत्याकाण्डमा छानबिन गर्न जारि गरेको परमादेशको बिरोधमा सोमबार साँझ सप्तरी सदरमुकाम राजविराजमा जनता समाजवादी पार्टी (जसपा) नेपाल सप्तरीले बिरोध प्रदर्शन गरेको छ ।

१९ वर्षअघि भएको रौतहटको गौर हत्याकाण्डमा छानबिन गरी कारबाहीको माग गर्दै परेको रिटमा सार्वेच्चले परमादेश जारी गरेपछी जसपा नेपालका नेता कार्यकर्ताहरुले सो बिरोध प्रदर्शन गरेका हुन् ।

आफ्‌नो अध्यक्ष उपेन्द्र यादवलाई फसाउन सरकारले षडयन्त्रण गरेको भन्दै राजविराजस्थित गजेन्द्र चौकमा टायर बालेर प्रदर्शन गरेका छन् । जसपा नेपाल सप्तरीका अध्यक्ष केदार यादवले सरकारको इसारमा अदालतले जारि गरेको परमादेश फिर्ता नलिए भोलीको दिनमा सशक्त आन्दोलनको विकल्प नरहने बताए ।

सर्वोच्च अदालतले १९ वर्षअघि भएको रौतहटको गौर हत्याकाण्डमा छानबिन गरी कारबाहीको माग गर्दै परेको रिटमा परमादेश जारी गरेको हो । न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले सोमबार जिल्ला प्रहरी कार्यालय रौतहटको नाममा परमादेश जारी गरेको हो ।

गौर हत्याकाण्डको छानबिन गरी दोषीमाथि कारबाही हुनुपर्ने मागसहित पीडितहरुले रिट दायर गरेका थिए । सो मुद्दामा रौतहट प्रहरी, सरकारी वकिल कार्यालय, प्रहरी प्रधान कार्यालय, गृह मन्त्रालयलगायतलाई विपक्षी बनाइएको छ ।

गौर हत्याकाण्डमा मारिएकाहरूका आफन्तहरूले जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिँदासमेत छानबिन नभएको भन्दै अनुसन्धान अघि बढाउन आदेश माग गर्दै सर्वोच्चमा रिट हालेका थिए ।

२०६३ साल चैत ७ गते रौतहटको गौरमा रहेको राइस मिलमा तत्कालीन मधेसी जनअधिकार फोरम र तत्कालीन नेकपा माओवादीले एकै स्थानमा मञ्च तयार पारी कार्यक्रमको आयोजना गर्दा २७ जना माओवादी कार्यकर्ताको हत्या भएको थियो ।

हत्यामा तत्कालीन जनअधिकारका अध्यक्ष समेत रहेका उपेन्द्र यादवलगात फोरमसम्बद्ध नेता, कार्यकर्ताको हात रहेको दाबी गरिँदै आएको छ ।

हत्याकाण्डविरुद्ध जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिँदा प्रहरीले छानबिन गरी दोषीमाथि मुद्दा दायर नगरेको भन्दै पीडितका परिवार तथा आफन्तले सर्वोच्च अदालतमा मुद्दा दर्ता गराएका थिए ।

पीडित परिवारका तर्फबाट त्रिभुवन साहले रिट दर्ता गराएका छन् भने उक्त घटनाको पुनः अनुसन्धान र प्राप्त प्रतिवेदनका आधारमा मुद्दा दायर गर्न माग गरिएको थियो ।

# पोखरीमा डुबेर बृद्ध महिलाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २ भदौं ।**

सप्तरीको अग्निसाइर कृष्णसावरण गाउँपालिकास्थित पोखरीमा डुबेर एक वृद्ध महिलाको मृत्यु भएको छ ।

सो गाउँपालिका वडा नं. २ स्थित २ सितापुर घर भएकी ७२ वर्षीया सजनी सदाको पोखरीमा डुबेर मृत्यु भएको हो ।

प्रहरीका अनुसार सोमबार बिहान करिब ८ बजे सोही गाउँपालिका अन्तर्गत करिब २ किलोमिटर उत्तरमा रहेको रंजन चौधरीको निजी पोखरीमा घोंघी टिप्न गएकी थिइन् । सोही क्रममा डुबेर उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

सो घटना विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# कैदीबन्दीको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, २ भदौं ।**

महोत्तरीको जलेश्वर कारागारमा पुर्पक्षमा रहेका एक कैदीबन्दीको उपचारको क्रममा मृत्यु भएको छ ।

मृत्यु हुनेमा गौशाला नगरपालिका ५ का हाल बर्दिबास नगरपालिका-१४ शुभम बस्ती टोलमा डेरा गरी बस्ने वर्ष ६० को राजकिशोर साह रहेको जिल्ला कारागार महोत्तरीका प्रमुख अशोककुमार क्षेत्रीले जानकारी दिए ।

शनिबार राति अचानक बेहोस भएका साहलाई तत्कालै उपचारका लागि प्रादेशिक अस्पताल जलेश्वर पुऱ्याएको जनाउँदै कारागार प्रमुख क्षेत्रीले उपचारकै क्रममा उनको मृत्यु भएको बताए । उनको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको छ ।

# मोबाइल फोनमा रिङ ब्याकटोन बजाउन बन्द गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट

**दैनिक समाचारदाता**
**काठमाडौं, २ भदौं ।**

नेपाल टेलिकमले ल्याण्डलाइन र मोबाइल फोनमा रिङ ब्याक टोन बजाउन बन्द गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । अधिवक्ता विमल पोखरेलले नेपाल टेलिकम, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणलाई विपक्षी बनाउँदै रिट दर्ता गरेका हुन् ।

रिटमा नेपाल टेलिकमले बारम्बार बजाइरहने अनावश्यक 'रिङ ब्याक टोन'का कारण नेपाल टेलिकमको सिम प्रयोग गर्ने उपभोक्ताहरू अन्य निजी दूरसञ्चारको सेवा लिन, ह्वाट्सएप, म्यासेन्जर, भाइवरजस्ता विदेशी कम्पनीको सेवा लिन बाध्य भएको जिकिर गरेका छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

# राजविराज विमानस्थलबाट विदेशी मुद्रासहित एक पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २ भदौं ।**

राजविराज विमानस्थलबाट सोमबार विदेशी मुद्रासहित एक व्यक्तिलाई पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सप्तरीको खडक नगरपालिका वडा नं. ११ लंका टोल बस्ने अन्दाजी ३३ बर्षीय मो. खुर्शिद आलम छन् ।

राजविराजबाट काठमाडौं जान लागेका आलमको साथबाट साउदी रियाल ३५ हजार ९ सय ७६ रुपैयाँ बरामद भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिएका छन् ।

पक्राउ परेका आलमसँगको रकमको वैधताको पुष्टि नभएको हुँदा आवश्यक कार्वाहीका लागि आन्तरिक राजस्व कार्यालय ईटहरी सुनसरीमा बुझाउन आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जानकारी दिएको छ ।

**जग्गा खरिद गर्दा ध्यान दिनुपर्ने कुराहरु:**

- बिक्रेता वास्तविक हो/होईन, निजको हक भोग छ/छैन प्रष्ट होऔं,
- कित्ताको मोठ श्रेस्ता, फोटो र तीनपुस्ते ठिक भए नभएको एकिन गरौं,
- कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा झगडा भए/नभएको बारेमा प्रष्ट होऔं,
- जग्गा र नक्सामा बाटो छ/छैन एकिन गरौं,
- जग्गाको हकभोग अनुसार आकार प्रकार मिले/नमिलेको एकिन गरौं,
- जग्गा रैकर वा गुठी के हो प्रष्ट होऔं,
- जग्गामा मोही भए/नभएको प्रष्ट होऔं,
- लालपुर्जा, जमिन र नक्साको क्षेत्रफल मिल्छ/मिल्दैन एकीन गरौं,
- सिमानामा विवाद भए/नभएको सँधि सँधियारबाट बुझौं,
- नक्सा बमोजिमको जमिनमा चारैतर्फ सिमाना एकीन गर्न रेखाङ्कन गराएर मात्र खरिद बिक्री गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कोशी प्रदेशमा पहिलोपटक प्रदेश राजस्व कार्यालय

सुनसरी, २ भदौ (रासस)।

कोशी प्रदेश सरकारले पहिलोपटक प्रदेश राजस्व कार्यालय स्थापना गरी औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ।

कोशी प्रदेश सरकारअन्तर्गतको आन्तरिक राजस्व व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले सुनसरीको इटहरी उपमहानगरपालिका-२ मा कार्यालयको उद्घाटन गरिएको हो।

सोमबार आयोजित एक समारोहबीच कोशी प्रदेश सरकारका आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर राना मगरले कार्यालयको उद्घाटन गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री रानाले प्रदेश सरकारले अपेक्षाअनुसार राजस्व सङ्कलन गर्न नसकेको परिस्थितिमा सुधार ल्याउन यो कार्यालय स्थापना गरिएको बताउनभयो। "जनतामा करको बोझ नपर्नेगरी राजस्व सङ्कलनलाई प्रभावकारी बनाउने लक्ष्यका साथ कार्यालय सञ्चालनमा ल्याइएको हो," उहाँले भन्नुभयो।

मन्त्री रानाका अनुसार कुन-कुन क्षेत्रबाट राजस्व सङ्कलन हुन सकेको छैन भन्ने पहिचान गरी अब कार्यालयमार्फत आवश्यक समन्वय र सहजीकरण हुने बताउनुभयो। उहाँले प्रदेश सरकारले आन्तरिक स्रोत परिचालनमा जोड दिँदै समावेशी र दिगो आर्थिक प्रणाली निर्माणमा ध्यान केन्द्रित गरिरहेको बताउनुभयो।

समारोहमा कोशी प्रदेशसभा सदस्य रमेश बस्नेत, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, मुख्यमन्त्रीका आर्थिक सल्लाहकार डा मोहन सुवेदी, सशस्त्र प्रहरी बल नं ४ गणका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक निर्मलकुमार थापालगायतको उपस्थिति रहेको थियो।

## मोटरसाइकल र स्कुटर ठोक्किँदा दुईको मृत्यु

काठमाडौँ, २ भदौ (रासस)।

काठमाडौँको बूढानीलकण्ठ नगरपालिका-७ स्पेसलचोकस्थित सडकमा सोमबार बिहान मोटरसाइकल र स्कुटर एकापसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ।

सो सडकमा बाग्मती प्रदेश ०२-०४१ प ६८१९ को (डिओ) स्कुटर र प्रदेश ३-०२-००२ प ५७२ को (सुजुकीजिक्सर) मोटरसाइकल एकापसमा ठक्कर खाँदा घाइते भएका सिराहासाकिको जन्दहगाबिस-४ घरका अन्दाजी २९ वर्षीय भोला थापा तथा नाम, थर ठेगाना र आफन्त नखुलेको कालो पाइन्ट सेतो टिसर्ट लगाएका अन्दाजी ३५ वर्षीय अर्का एक पुरुषको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "उक्त दुर्घटनामा परी गोरखा आरूपोखरी घर भई हाल बूढानीलकण्ठ-८ भङगाल बस्ने २४ वर्षीय एरिक परियार तथा नाम, थर, वतन नखुलेको कालो ट्र्याक, नीलो टिसर्ट लगाएका अर्का पुरुष व्यक्ति घाइते भएका छन्। उनीहरू दुवै जनाको त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ।"

दुर्घटनापछि दुवै सवारीसाधनलाई प्रहरीले नियन्त्रणमा लिइएको र मृतक तथा घाइतेका आफन्तको खोजी भइरहेको प्रवक्ता बोहराले बताउनुभयो।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सूचना प्रविधि, सुशासन र विकास

**केपी शर्मा ओली**

काठमाडौँ, २ भदौ (रासस)।

सोमबार सूचना र सञ्चार प्रविधि, आइसिटी अथवा आइटी सुशासनका लागि मात्र होइन, विकास र मानिसको दिनचर्याका लागि अपरिहार्य भइसकेको छ। हामी आइटीविना चल्नै नसक्ने अवस्थामा पुगिसकेका छौँ। पहिलो कुरा, आइटीको प्रयोग केका लागि भन्दा देशलाई सुव्यवस्थित बनाउन, समाजलाई सुव्यवस्थित बनाउन, मानव समाजलाई अझ सभ्य, अझ परिष्कृत, अझ उन्नत बनाउन र देशमा सुशासन अझ सुदृढ गर्न, आइटीको प्रयोगलाई सुशासनको सहयोगीको रूपमा, समाजको सुप्रबन्धका लागि सहयोगीको रूपमा, करप्सन कन्ट्रोलका लागि सहयोगीको रूपमा र जनतालाई सेवा सुविधा पुऱ्याउने कुरामा सहयोगीको रूपमा आइटीलाई प्रयोग गर्न चाहन्छौँ।

आइटी एउटा सोख मात्रै होइन, अनिवार्य आवश्यकता बनेको छ। आइटीले हाम्रो विकासलाई तीव्रता दिनुपर्दछ। टेक्नोलोजी भनेकै त्यै हो, जसले विकासलाई व्यापकता र तीव्रता दिन्छ। नवीनता त्यसको लागि आवश्यकता छ र नवीनता दिन्छ। यसले समाजमा पारस्परिक रूपमा मानवीय भावना, पारस्परिक प्रेम, सद्भाव, सहिष्णुताको विकासका निम्ति सहयोग गर्नुपर्दछ। हामीले सूचना प्रविधिलाई त्यसै हिसाबले प्रयोग गर्नुपर्दछ। यही कुरालाई ध्यानमा राखेर हामीले आइटीलाई डिजिटल नेपालको नाराका साथ अगाडि बढाएका छौँ। सिङ्गै देशलाई डिजिटलाइज्ड गर्ने र त्यसको अधिकतम सदुपयोग गर्ने। त्यसैअनुसार नै म अघिल्लोपल्ट प्रधानमन्त्री हुँदैदेखि डिजिटल नेपाल फ्रेमवर्क बनाएका थियौँ।

अहिलेसम्मका अनुभव र प्रगतिहरूलाई हेरेर हामीले 'फ्रेमवर्क टु जिरो' अर्को चरणमा प्रवेश गरेका छौँ र त्यस फ्रेमवर्कलाई अगाडि बढाउँदैछौँ। म यस प्रविधिको प्रयोगलाई शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा र अरु विभिन्न क्षेत्रहरूमा पनि यसको सदुपयोग गरेर समाजलाई लाभान्वित गराउने पक्षमा म आफैँ पनि क्रियाशील रहेको छु। सरकार क्रियाशील रहेको छ र हामी हरेकले यस सन्दर्भमा प्रयास गर्नुपर्दछ। हामीले एउटा मात्रै सानो उदाहरण दियौँ भने गत वर्ष नेपालको एसइईको परीक्षाको नतिजामा पास हुनेको सङ्ख्या ४८ प्रतिशतभन्दा कम थियो र गत वर्षबाट हामीले सुरुदेखि नै यस प्रतिशतलाई वा ४८ भन्दा कम रहेको प्रतिशतलाई ७० प्रतिशत पुऱ्याउने भनेका थियौँ। पछि हामीले केही संशोधन गर्नुपऱ्यो र हामीले ६० देखि ६५ प्रतिशतसम्म पुऱ्याउँछौ भनेर हाम्रा केही युवा साथीहरूले अनलाइन कक्षाको सुरुवात गर्नुभयो। त्यसका निम्ति एउटा अभियान चलाउनुभयो।

देशव्यापी रूपमा विभिन्न ठाउँका विद्यालय विद्यालयमा गएर त्यहाँका प्रिन्सिपलहरूलाई, त्यहाँका शिक्षकहरूलाई, त्यहाँका विद्यार्थीहरूलाई, त्यहाँका अभिभावकहरूलाई प्रेरित गर्नु हो। देशभरि दुई सयभन्दा बढी मेन्टर र धेरै दर्जन शिक्षकहरू राखेर एकैठाउँ काठमाडौँबाट कक्षाहरू सञ्चालन गर्नुभयो र पछि हामीले ६० देखि ६५ प्रतिशतको बिचमा नतिजा निकाल्छौँ भन्यौँ। यो नितान्त निजी प्रयास हो हाम्रा युवाहरूको। त्यसमा सरकारी सहयोग भनेको सञ्चार मन्त्रालयले हामीलाई त्यो उपलब्ध गरायो। हामी युवाहरूलाई जहाँ सेवा पुऱ्याउँछौँ भनेको छ, त्यहाँ इन्टरनेट सर्भिस उपलब्ध गराइदियो। त्यस हिसाबले प्रयास गर्दाखेरि ६१.८१ प्रतिशत अथवा ६२ प्रतिशत उत्तीर्ण भए। ४८ बाट ६२ प्रतिशत अथवा १४ प्रतिशतका दरले एसइईको नतिजामा उन्नति भयो। यो हामीले देखेका छौँ, सानो खर्चबाट देशभरिको लाखौँ विद्यार्थीहरूको सङ्ख्यामा १४ प्रतिशतले उत्तीर्ण हुनेको सङ्ख्या अभिवृद्धि भयो, बढ्यो। तसर्थ, यसै गरेर हामीले अनलाइन स्वास्थ्य, अनलाइन स्वास्थ्य परीक्षण, अनलाइन उपचारजस्ता कुराहरू पनि विभिन्न हस्पिटलहरूबाट मद्दत गरेका छौँ र साना अस्पतालहरूले ठूला हस्पिटलहरूबाट विशेषज्ञ सेवाहरू लिन सकिरहेका छन्। त्यो हामी आफैँले प्रत्यक्ष यी केही वर्षहरूमा मात्रै अनुभव गरेका छौँ।

मैले प्रधानमन्त्री चलाएको यो पछिल्लो एक वर्षको अवधिमा असाधारण ढङ्गले हामीले यस क्षेत्रमा पनि प्रगति गरेका छौँ। हामीसँग एउटा राम्रो पक्ष के छ भने हामीसँग एउटा यो 'डेमोग्राफिक डिभिडेन्ड' हाम्रो राम्रो छ। त्यसलाई हामीले यस क्षेत्रमा प्रयोग गर्न सक्छौँ किनभने हाम्रा युवाहरू सोमबार आम रूपमा भन्ने हो भने डिजिटल फ्रेन्डली छन् अथवा डिजिटल क्षेत्रमा, आइटी सेक्टरमा भन्ने हो भने उनीहरू शिक्षित कमसेकम छन्। उनीहरूले विभिन्न ढङ्गले त्यसबाट नेलेज लिन र नेलेज सम्प्रेषण गर्न सक्छन्। त्यसकारण नवप्रवर्द्धनका कुराहरू, 'इनोभेसन'का कुराहरू अथवा अरु अनुसन्धानका कुराहरूदेखि लिएर आइटीको प्रयोगले हामीलाई धेरै ठूलो मद्दत पुगिराखेको छ र हामी समाज परिवर्तनका लागि यी सबै कुरा, मान्छेको विकासका लागि सबै कुरा, अर्थतन्त्रको विकासका लागि, शिक्षा, स्वास्थ्य र सबै समाजिक क्षेत्रको विकासका लागि र समाजमा जनतालाई सेवा सुविधा पुऱ्याउनका लागि यी कुराहरूमा काम गरिराखेका छौँ।

अहिले हामीले यो पर्सनल आइटीजस्ता कुराहरू यिनीहरूबाट जनतालाई सेवा पुऱ्याउने कुराहरू गरिराखेका छौँ र अनेक पक्षहरूमा यसको मद्दत पुगिराखेको छ। यो सँगसँगै, यसमा केही कमजोरी पक्षहरू, विकृतिका पक्षहरू र विज्ञान प्रविधिको प्रयोग ठीक ढङ्गले गर्न जानेनन् भने, मेसिन चलाउँदा ठीक ढङ्गले चलाइएन भने त हात काटिदिन्छ। त्यो त मेसिन भनेको ठीक ढङ्गले चलाउने कि नचलाउने भन्ने कुरासँग निर्भर हुने कुरा हो।

अहिलेको दुनियाँमा यस सूचना प्रविधिको राम्ररी सदुपयोग मात्रै भएको छ भन्न सकिँदैन। खासगरी सूचनाको क्षेत्रमा, 'मिस इन्फर्मेशन', 'डिस इन्फर्मेशन' जस्ता कुराहरू पनि यसबाट केही केही क्षतिका कुराहरू पनि भइराखेका छन्। समाजलाई अलि विकृति बढाउने खालका कुराहरू पनि भइराखेका छन् र यस्ता कुराहरूप्रति हामी सजग छौँ। सबै कुरा हुन पाउनुपर्दछ। वास्तवमा यो प्रेस स्वतन्त्र, सूचनाको स्वतन्त्रता सबै कुरा हुनुपर्दछ तर अनियन्त्रित र समाजलाई हानी गर्ने गरी होइन, समाजलाई फाइदा पुग्ने गरी यी कुराहरू हुनुपर्दछ। समाजका लागि आइटी, विकासका लागि आइटी, राष्ट्रिय एकताका लागि आइटी, विश्व शान्तिको पक्षमा आइटी, सूचना मनोरञ्जनका लागि आइटी, शिक्षाका लागि आइटी, स्वास्थ्यको लागि आइटी। यसो भएर हामीले आइटीलाई सदुपयोग गर्न सक्नुपर्दछ राम्ररी।

हाम्रो राष्ट्रिय आकाङ्क्षा हामीले भनेका छौँ-समृद्ध नेपाल, सुखी नेपाली। त्यो हाम्रो राष्ट्रिय आकाङ्क्षा हो। त्यो आकाङ्क्षा परिपूर्ति गर्नका लागि, त्यसलाई प्राप्त गर्न, त्यसलाई गन्तव्य बनाएर हामी हिँडिरहेका छौँ र त्यसको प्राप्तिका लागि सुशासन र विकास, तीव्रता, सुदृढता र तीव्रताका साथ अगाडि बढाउन जरुरी छ। त्यसमा आइटीको भरपूर मद्दत लिन जरुरी छ। यो अत्यन्तै उपयोगी छ। तसर्थ, हामी यसको सदुपयोग गर्दै देशका लागि, जनताका लागि, समाजका लागि र मानव जातिका लागि यसको सदुपयोग गर्ने, सुशासन र विकासका लागि सदुपयोग गर्ने काम गर्दै अगाडि बढ्ने यस दिशामा हामी लागि राखेका छौँ।

यस सन्दर्भमा तपाईंहरूले आयोजना गर्नुभएको विश्व आइटी सम्मेलन २०२५, ले अवश्य नै ठूलो योगदान गर्नेछ भन्ने मैले विश्वास लिएको छु। यही विश्वासका साथ म तपाईंहरूलाई धेरैधेरै शुभकामना भन्न चाहन्छु। तपाईंहरू यस दिशामा अझ तीब्रताका साथ अगाडि बढ्न सक्नु होस्, अझ ठूलो योगदान गर्न सक्नु होस् र यसका निम्ति हामीले कानुन बनाएका छौँ। भर्खरै हामीले एआई नीति तय गरेका छौँ। यी सबै कुराहरूको उपयोग गर्नुस्। हामीले भर्खरै कानुनी हिसाबले नै यहाँको आइटी उत्पादनलाई निर्यात गर्न सहजै सक्ने कुरा, यही बसेर लाभ गर्न सक्ने कुरा र बाहिर त्यसका निम्ति कम्पनी खोल्न सक्ने कुरा, विदेशमा कम्पनी खोल्न सक्ने कुरा आदि कुराहरूमा पनि कानुन निर्माण गरेरै अगाडि बढाएका छौँ। तसर्थ म यहाँहरू सबैमा यस कामलाई सदुपयोग गर्ने दिशामा सोचेर अगाडि बढ्न आग्रह गर्न चाहन्छु। *(प्रस्तुत विचार सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले १ भदौ, २०८२ मा राष्ट्रिय युवा सङ्घ नेपालद्वारा आयोजित विश्व आइटी सम्मेलनमा व्यक्त गर्नुभएको मन्तव्यका आधारमा प्रधानमन्त्रीको स्वकीय सचिवालयले तयार पारेको सम्पादित अंश)*

# सिरहामा यस वर्षको रोपाइँ सकिन लाग्यो

सिरहा, २ भदौ (रासस)।

लामो समयको खडेरीपछि साउनको अन्त्यसम्म आइपुग्दा जिल्लामा रोपाइँ सकिन लागेको छ। कृषि ज्ञानकेन्द्र सिराहाका अनुसार हालसम्म जिल्लामा ८८ प्रतिशत रोपाइँ सम्पन्न भइसकेको छ, भने आगामी केही दिनभित्र बाँकी रोपाइँ पनि सम्पन्न हुने जनाइएको छ।

प्रमुख नरेन्द्रकुमार महासेठका अनुसार साउन दोस्रो सातासम्म करिब ४५ प्रतिशत मात्र रोपाइँ भएको थियो। उहाँले भन्नुभयो,"तर साउन तेस्रो साताबाट सुरु भएको निरन्तर वर्षाले रोपाइँको गति बढायो र मसान्तसम्म आइपुग्दा ८८ प्रतिशत रोपाइँ सम्पन्न भएको हो।"

उहाँका अनुसार खडेरीको समयमा अधिकांश किसानले रोपाइँ गर्न सकेका थिएनन्। तर साउनको अन्त्यतिरको अनुकूल मौसम र किसानको सक्रियता रोपाइँलाई तीव्र बनाउन मुख्य कारण बन्यो। "साउन १५ गतेअघि रोपिएको धानको उत्पादन राम्रो हुने सम्भावना छ, तर त्यसपछि रोपिएको धानमा उत्पादनमा केही ह्रास आउने देखिन्छ," महासेठले भन्नुभयो।

उहाँले भदौको पहिलो सातासम्म थप दुई प्रतिशत रोपाइँ पनि सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो। "यो वर्ष जिल्लामा ९० प्रतिशत हाराहारीमा रोपाइँ पुग्ने अनुमान छ," तर जिल्लाको उत्तरी भेगमा भने केही क्षेत्रमा अत्यधिक खडेरीका कारण धान रोपोमै सुकेको देखिएको छ। यद्यपि दक्षिणी क्षेत्रमा यस्तो अवस्था नरहेको उहाँले स्पष्ट पार्नुभयो।

कृषि ज्ञान केन्द्रले जिल्लाका १७ स्थानीय तहसँग समन्वय गरेर रोपाइँको प्रगतिसम्बन्धी तथ्याङ्क सङ्कलन गरेको हो। सबै स्थानीय तहका कृषि शाखाको सहकार्य गरी आफूहरुले तथ्याङ्क तयार पार्ने गरेको उहाँको भनाइ छ।

जिल्लाको धानखेतीमा कमला नहरले पनि महत्वपूर्ण भूमिका खेलेको छ। खडेरीका समयमा भूमिगत पानीको स्रोत तथा कमला नहरमार्फत सिँचाइ भएको जमिनमा प्रारम्भिक रोपाइँ गर्न सम्भव भएको थियो। केन्द्रका अनुसार कमला नहरबाट करिब १२ हजार पाँच सय हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ।

विशेषगरी कर्जन्हा, मिर्चैया, कल्याणपुर, सिरहा र सुखीपुर नगरपालिकाका साथै विष्णुपुर र औरही गाउँपालिकाका किसान यसबाट प्रत्यक्ष लाभ लिएका छन्। सिरहामा कूल धान खेतीयोग्य ५४ हजार क्षेत्रफल जग्गा रहेको ज्ञानकेन्द्रले जनाएको छ।

जिल्लामा धानबाली प्रमुख बाली हो। हरेक वर्ष करिब उस्तै परिमाणमा बर्खे धानखेती गरिँदै आएको छ। यस वर्षको प्रारम्भिक स्थितिमा देखिएको ढिलाइको बाबजुद साउन अन्त्यसम्म आइपुग्दा रोपाइँको गति उल्लेख्य बनेको छ। अब बाँकी रोपाइँ सम्पन्न भएसँगै आगामी हप्ता जिल्लामा रोपाइँ अन्तिम चरणमा पुग्ने अपेक्षा गरिएको छ।

# तयार भए ऐतिहासिक 'चुनवाङ शान्ति सङ्ग्रहालय' का चित्र, मूर्ति बन्दै

**नारायण ढुङ्गाना**
काठमाडौँ, २ भदौ (रासस)।

सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण राजनीतिमा रूपान्तरण गर्ने निर्णय गरेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठक बसेको ऐतिहासिक स्थानमा बन्दै गरेको 'चुनवाङ शान्ति सङ्ग्रहालय' का लागि काठमाडौँमा कला सिर्जना धमाधम भइरहेको छ।

चित्रकला करिब-करिब तयार भएका छन् भने मूर्तिकला निर्माणाधीन रहेका छन्। त्यहाँ राख्नका लागि नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानसँग ३० देखि ३५ सम्म चित्रकला र ४० भन्दा बढी मूर्तिकला निर्माणका लागि भएको सम्झौताअनुसार अहिले काठमाडौँमा कला सिर्जनाको काम जारी छ। सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वप्रमुख पूर्णबहादुर घर्तीले चुनवाङस्थित बैठक बसेको घर र माओवादी अध्यक्ष बसेको घर संरक्षण गरी सोही ऐतिहासिक निर्णय भएको स्थानलाई शान्ति सङ्ग्रहालय बनाउने गरी काम भइरहेको बताउनुभयो।

त्यसका लागि सशस्त्र द्वन्द्वका बेला भएका घटनाक्रम, बैठक, त्यसबेलाका माओवादीका गतिविधि समेट्ने गरी चित्र र मूर्ति निर्माण भइरहेको उहाँले बताउनुभयो। एक हजारभन्दा बढी तत्कालीन अवस्थाका तस्बिरसमेत उक्त सङ्ग्रहालयमा रहने छन्। छुट्टै नयाँ भवन बनिरहेको छ।

विसं २०६२ असोजमा रुकुमपूर्व (हालको भूमे गाउँपालिका वडा नम्बर ९ चुनवाङमा बसेको तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को केन्द्रीय समिति बैठकले मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न संसदीय राजनीतिक शक्तिसँग सहकार्य गर्ने निर्णय गरेको थियो।

त्यसैको जगमा तत्कालीन संसदीय राजनीतिक दल र माओवादीबीच दिल्लीमा १२ बुँदे समझदारी भएको थियो। तत्कालीन राजा ज्ञानेन्द्रले शासन सत्ता हातमा लिएपछि संसदीय राजीतिक दल रुष्ट रहेका बेला त्यसैलाई उपयोग गर्ने गरी माओवादीको उक्त बैठक बसेको सोही क्षेत्रका प्रतिनिधिसभा सदस्य तथा लुम्बिनी प्रदेशका पूर्वप्रमुख घर्ती बताउनुहुन्छ।

घर्ती उक्त बैठककमा सूचना संकलन तथा बैठकका विषय टिपोर्ट गर्ने जिम्मेवारीमा रहनुभएको थियो। त्यसैले सङ्ग्रहालय स्थापनाका लागि उहाँ सक्रिय भइरहनुभएको छ।

उहाँले हालैमात्र सङ्ग्रहालयका लागि निर्मित चित्रकला तथा मूर्तिकला अवलोकन गर्नुभएको छ। उहाँले अवलोकनपछि भन्नुभयो, "त्यो बेलाका दृष्य जस्तो हुन्थ्यो, त्यस्तै चित्र, मूर्ति सिर्जना होस् भन्ने चाहना हाम्रो छ, कुनै बढाइचढाइ गर्नुपर्ने जरुरी छैन, हेर्दा जस्ताको तस्तै देखियोस्।" चित्र अवलोकन पछि आवश्यक परिमार्जनका लागि उहाँले कलाकारहरूलाई सुझाव दिनुभएको छ।

त्यही चुनवाङ बैठकले लिएको निर्णयले दुई राजनीतिक शक्ति एक ठाउँमा उभिएका र त्यसैको बलमा २०६२/२०६३ मा जनआन्दोलन भयो। त्यसपछि माओवादी शान्ति प्रक्रियामा आएको थियो।

"अहिलेसम्म जेजे उपलब्धि भए, संविधान जारी भयो, संघीय राज्य स्थापना भयो, समावेशी र समाजवाद उन्मुख संविधानको जग त्यही थियो र अहिले महिला, आदिवासी जनजाति दलित उत्पिडित वर्षहरूका लागि भएको ऐतिहासिक निर्णयको जग त्यही थियो", घर्तीले भन्नुभयो।

लुम्बिनी प्रदेश सरकारले २०६९ सालमै चुनवाङ शान्ति संग्रहालय विकास समिति गठन आदेश जारी गरिसकेको छ। सोही आधारमा यहाँ बैठकस्थलको पुरानो भवन संरक्षण गरिएको छ भने नयाँ भवन बनिरहेको छ।

सरकार पक्ष र माओवादी पक्ष कसैको पनि जित हुने अवस्था नदेखिएको र तत्कालीन संसदीय शक्ति राजाबाट विच्छिएपछि यो संक्रमणकाललाई सदुपयोग गर्नुपर्छ भनेर नै चुनवाङ बैठकले ऐतिहासिक निर्णय गरेको उहाँले सम्झनुभयो।

उक्त शान्ति संग्रहालयमा राख्ने गरी कलाकारले माओवादीले हतियार बोकेर गाउँगाउँ हिँडेका, उनीहरूले सांस्कृतिक कार्यक्रम देखाएका र दोहोरो भीडन्त भएका, गाउँ समाजमा माओवादी लडाकुहरू घुम्दाका अवस्था तथा चुनवाङ बैठकके गतिविधिसमेत कलामा उतारेका छन्।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको मूर्तिकला विभाग प्रमुख तथा प्राज्ञ परिषद् सदस्य दिनेश्वर महतो त्यो ऐतिहासिकस्थललाई विश्व सामु नै चिनाउनुपर्छ भनेर स्थापना हुन लागेको शान्ति सङ्ग्रहालयमा प्रतिष्ठान जोडिन पाएकामा खुसी व्यक्त गर्नुभयो। उहाँले कलाकारलाई स्थलगत रुपमै लगेर पनि कला सिर्जना गराउने सोच रहेको सुनाउनुभयो।

प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले देशका धेरै पालिकामा यस्ता संग्रहालय बन्ने क्रममा रहेको तर यो चुनवाङ सङ्ग्रहालय भने विशिष्ट पहिचान बोकेको बताउनुभयो। भूमे गाउँपालिकासँग सम्झौता भएर काम गर्न पाउनु प्रतिष्ठानका लागि महत्वपूर्ण भएको उहाँले बताउनुभयो। यसले आगामी दिनमा अन्तरराष्ट्रिय रुप लिने उहाँले विश्वास गर्नुभयो।

विशेष गरी उक्त बैठकले राजनीतिक फौजी गरी कार्यदिशा पास गरेको थियो। एउटा संविधानसभा र लोकतान्त्रिक गणतन्त्रको नाराका आधारमा मिल्न सकिने जति शक्तिसँग मिलेर राजतन्त्र विरोधी आन्दोलनलाई व्यापक र सशक्त बनाउने थियो। यस्तै विद्रोहको कुनै सम्भावनालाई उपयोग गर्न वैचारिक, राजनीतिक र साङ्गठनिक तयारी बढाउने कार्यकर्ता तथा जनतालाई व्यापक फौजीकरणमा प्रयत्न गर्ने र जनमुक्ति सेनाको संरचनामा अर्को चार डिभिजन थप गर्ने बैठकले निर्णय गरेको थियो।

मुख्यतः तत्कालीन संसदीय राजनीतिक दलसँग १२ बुँदे सहमतिपछि पहिलो कार्यादेशअनुसार माओवादी शान्ति प्रक्रियामा आएको थियो। त्यसैको स्मरणमा यहाँ चुनवाङ शान्ति सङ्ग्रहालय बनाउन लागिएको हो।

# फरार अभियुक्त पक्राउ गर्न गृह मन्त्रालयले सक्रियता बढायो

काठमाडौँ, २ भदौ (रासस)।

फरार अभियुक्त पक्राउ गर्न गृह मन्त्रालयले सक्रियता बढाउँदै लगेको छ। गृहमन्त्री रमेश लेखकले गृह मन्त्रालयको नेतृत्व सम्हालेपछि नीतिगत र कानुनी सुधारलाई प्राथमिकता दिँदै फैसला कार्यान्वयनलाई तीव्रता दिनुभएको छ।

मुलुकभरका अदालत र अर्धन्यायिक निकायबाट कैद तथा जरिवाना सजाय पाएर फरार रहेका अभियुक्तहरुलाई पक्राउ गर्न मन्त्री लेखकले प्रहरीलाई निर्देशन दिँदैआउनुभएको छ। सोही निर्देशनका कारण उहाँको कार्यकालको पहिलो वर्ष (आर्थिक वर्ष २०८१/८२) मा हालसम्मकै बढी फरार अभियुक्त पक्राउ परेका छन्। गत आवमा गृह प्रशासनको सक्रियताका कारण २४ हजार ३८२ फरार अभियुक्त पक्राउ पक्राउ परेका छन्। अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा देशभरबाट कुल १४ हजार ७६४ फरार अभियुक्त प्रहरीले पक्राउ गरेको थियो। आव २०८०/८१ को तुलनामा आव २०८१/८२ मा फरार अभियुक्त पक्राउ परेको ६५.०८ प्रतिशतले बढी हो।

त्यसैगरी, प्रहरीले आर्थिक वर्ष २०७९/८० मा ११ हजार ९०२ फरार अभियुक्त पक्राउ गरेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिनुभयो। गत आर्थिक वर्षमा अपराध अनुसन्धान र फैसला कार्यान्वयनमा गृहमन्त्रालय तथा मातहतका निकाय सक्रिय रहँदा परिणाम राम्रो आएको उहाँले बताउनुभयो।

गृहमन्त्री लेखकको कार्यकालको पहिलो वर्ष (गत आर्थिक वर्ष २०८१/८२) मा काठमाडौँ उपत्यका प्रहरी कार्यालय रानीपोखरीले सबैभन्दा बढी ६ हजार ३७५ फरार अभियुक्त पक्राउ गरेको तथ्याङ्क छ। त्यसैगरी, कोशी प्रदेश प्रहरीले तीन हजार ४८९, मधेस प्रदेश प्रहरीले पाँच हजार ७१२, बाग्मती प्रदेश प्रहरीले एक हजार ७०३, गण्डकी प्रदेश प्रहरीले एक हजार ४९१, लुम्बिनी प्रदेश प्रहरीले तीन हजार ९९६, कर्णाली प्रदेश प्रहरीले ५५६, सुदूरपश्चिम प्रदेश प्रहरीले ९२८ र केन्द्रीय अनुसन्धान ब्यूरोले १३२ फरार अभियुक्त पक्राउ गरेको प्रहरी नायब महानिरीक्षक घिमिरेले जानकारी दिनुभयो।

गत आर्थिक वर्षमा रु एक अर्ब, ५० करोडभन्दा बढी जरिवाना रकम समेत असुल उपर गरिएको छ। त्यसैगरी, जिल्लास्तरको विवरण अनुसार काठमाडौँ प्रहरी परिसर अग्रस्थानमा छ। जनघनत्व बढी भएको राजधानी काठमाडौँमा हरेक दिनजसो ठूला र साना 'अप्रेसन' जारी रहेको काठमाडौँ प्रहरी परिसरका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक विश्व अधिकारीले जानकारी दिनुभयो। काठमाडौँबाट मात्रै पाँच हजार ५८५ फरार अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको उहाँले बताउनुभयो।

जनशक्ति अभाव र सीमित स्रोतसाधनको अधिकतम प्रयोग गरी प्रहरीले फैसला कार्यान्वयनमा महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। काठमाडौँ प्रहरी परिसरले गत आर्थिक वर्षमा देशभरमै सबैभन्दा बढी फरार अभियुक्त पक्राउ गर्न सफल भएको छ। एक वर्षको अवधिमा परिसरले काठमाडौँबाट पाँच हजार ५८५ फरार अभियुक्तलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन सफल भएको प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले जानकारी दिनुभयो।

काठमाडौँ परिसरले आर्थिक वर्ष २०८०/८१ मा एक हजार ६७ फरार अभियुक्त पक्राउ गरेको थियो। गत आवमा उक्त सङ्ख्या पाँच हजार ५८५ पुगेको छ। फैसला कार्यान्वयनलाई परिसरले विशेष रणनीति बनाएर लागू गरिरहेको उहाँले जानकारी दिनुभयो। नेपाल प्रहरी सङ्गठनको वार्षिक कार्य सम्पादन सम्झौताअनुसार दण्डहीनताको अन्त्यका लागि फैसला कार्यन्वयनलाई उच्च प्राथमिकतामा राखिएको छ।

त्यस्तै, गृहमन्त्री लेखकको कार्यकालको पहिलो वर्ष सहकारीसम्बन्धी ८२ मुद्दा दर्ता भएका छन्। मुलुकभरबाट सहकारी मुद्दाका पुरुष र महिला गरी ४५ अभियुक्त पक्राउ परेको प्रहरीको तथ्याङ्क छ।

## विश्व समाचार

### जेलेन्स्कीले चाहेमा युद्ध अन्त्य गर्न सक्नुहुन्छ : ट्रम्प

वासिङ्टन, २ भदौ (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले चाहेमा युद्ध तुरुन्तै अन्त्य गर्नसक्ने वा लडन जारी राख्नसक्ने बताउनुभएको छ। आफ्ना युक्रेनी समकक्षी जेलेन्स्कीलाई भेट्नुअघि ट्रम्पले सो कुरा बताउनुभएको हो।

ट्रम्पले सन् २०१४ मा ओबामा प्रशासनका समयमा भएको क्रिमियाको विलय सम्झाउँदै युक्रेनलाई नाटोमा प्रवेश नगर्ने विषयमा पुनः जोड दिनुभयो। उहाँले आफ्नै सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेख्नुभयो, "क्रिमिया फर्किने छैन, युक्रेन नाटोमा पनि प्रवेश गर्ने छैन, केही कुराहरू कहिल्यै परिवर्तन हुँदैनन्।"

"शान्ति स्थायी हुनुपर्छ, अस्थायी सम्झौता होइन", जेलेन्स्कीले वासिङ्टन आइपुगेपछि क्रिमिया वा डोनबासजस्ता क्षेत्रहरू गुमाउन बाध्य पारिएको विगतलाई स्मरण गर्दै भन्नुभयो, "अब हामी कुनै पनि भूमि त्याग्दैनौं। युक्रेनीहरू आफ्नो स्वतन्त्रता र भूमिका लागि लडिरहेका छन्। हाम्रो सेना डोनेट्स्क र सुमीमा सफल भएको छ।"

उहाँले अमेरिकाप्रति र साझेदारहरूप्रति आभार व्यक्त गर्दै 'युक्रेनको रक्षा प्रभावकारी रूपमा सुनिश्चित गर्ने' विश्वास व्यक्त गर्नुभयो।

ट्रम्प-जेलेन्स्कीको भेट हालै अलास्कामा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग ट्रम्पको उच्चस्तरीय वार्तापछि हुँदैछ। तीन घण्टा लामो उक्त वार्तापछि ट्रम्पले 'रुस-युक्रेन युद्ध अन्त्य गर्ने सबैभन्दा राम्रो बाटो सीधा शान्ति सम्झौता हो, केवल युद्धविराम होइन' भन्नुभएको थियो।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भन्नुभयो, "राष्ट्रपतिले अलास्काबाट फर्कने क्रममा मध्यरातमा नै जेलेन्स्की र युरोपेली नेताहरूसँग फोनमा लामो छलफल गर्नुभयो। दुवै पक्ष सहमत हुने उपाय खोज्न कठिन भइरहेको छ, तर हामी निरन्तर संलग्न छौं।"

रुबियोले रुसका मागहरू स्वीकार्य नभएको स्पष्ट गर्दै भन्नुभयो, "हामी युक्रेनलाई दबाब दिँदैनौं। रुसले अस्वीकार्य माग गरिरहेको छ र युक्रेनीहरूले छोड्न नसक्ने कुराहरूमा अडान लिएका छन्।"

फ्रान्स, जर्मनी, बेलायत, इटाली र फिनल्यान्डका नेताहरू पनि वासिङ्टन बैठकमा सहभागी हुनेछन्। युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयन र नाटो महासचिव मार्क रुट पनि उपस्थित हुनुहुनेछ।

फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनले 'युक्रेनको चासो र युरोपको सुरक्षालाई संरक्षण गर्ने स्थायी शान्ति' को आवश्यकता औंल्याउनुभयो।

जर्मन चान्सलर फ्रेडरिक मेर्जले पनि छिटो शान्ति सम्झौतामा चासो व्यक्त गर्नुभएको छ। बेलायती प्रधानमन्त्री किर स्टार्मरले जेलेन्स्कीको 'न्यायपूर्ण र स्थायी शान्तिको चाहना' को प्रशंसा गर्दै बैठकमा सहभागी हुने बताउनुभयो।

यसअघि, ट्रम्पका दूत स्टिभ विटकफले पुटिनले अमेरिकी सुरक्षा ग्यारेन्टी दिन सहमति जनाएको र सम्भावित शान्ति सम्झौतामा 'भूमि विनिमय' मा छुट दिनुभएको सङ्केत गरेको बताउनुभएको थियो। तर मस्कोले यसबारे कुनै औपचारिक घोषणा गरेको छैन।

### नाइजेरियामा डुङ्गा दुर्घटना : ४० बेपत्ता, १० जनाको उद्धार

अबुजा, २ भदौ (रासस/एएनआई)।

नाइजेरियाको सोकोटो राज्यमा आइतबार डुङ्गा पल्टिँदा कम्तीमा ४० जना बेपत्ता भएका छन् भने १० जनालाई जीवितै उद्धार गरिएको छ।

राष्ट्रिय आपत्कालीन व्यवस्थापन एजेन्सी (नेमा) ले दुर्घटनापछि उद्धार कार्यमा सहयोग गर्न तत्कालै आफ्नो प्रतिक्रिया टोली पठाएको छ। नेमाका अनुसार डुङ्गा ५० जनाभन्दा बढी यात्रु लिएर गोरोन्यो बजारतर्फ गइरहेको बेला दुर्घटनाग्रस्त भएको हो।

नेमाले सामाजिक सञ्जाल एक्समार्फत दिएको जानकारीअनुसार, एजेन्सीकी महानिर्देशक जुबैदा उमरले दुर्घटनाको जानकारी पाउलगत्तै उद्धार कार्य सक्रिय पार्नुभएको थियो। अहिलेसम्म करिब १० जनालाई उद्धार गरिएको छ भने ४० भन्दा बढी अझै बेपत्ता रहेका छन्।

नेमाले स्थानीय अधिकारी, सुरक्षाकर्मी र आपत्कालीन उद्धारकर्तासँग मिलेर खोजी अभियानलाई तीव्र बनाएको छ। एजेन्सीले प्रभावित परिवारलाई आवश्यक सहयोग पुऱ्याउने र नियमित अपडेट दिने प्रतिबद्धता जनाएको छ।

यसअघि पनि नाइजेरियामा यस्ता दुर्घटनाहरू भइरहेका छन्। सन् २०२४ डिसेम्बरमा बेन्यु राज्यमा भएको डुङ्गा दुर्घटनामा ७६ मध्ये ४९ जनाको उद्धार गरिएको थियो भने तीन जनाको मृत्यु भएको थियो। उक्त दुर्घटनामा बाँकी २३ जना अझै बेपत्ता थिए।

नेमाले त्यतिबेला पनि स्थानीय प्रशासन, उद्धारकर्मी र नाइजेरियाली नौसेनासँग मिलेर उद्धार कार्य सञ्चालन गरेको थियो।

यस पटकको दुर्घटनापछि उद्धार टोलीले गोरोन्यो बजार जाने बाटोमा नदीमा बेपत्ता भएकाहरूको खोजीलाई निरन्तर अघि बढाइरहेको छ।

### रुसको रियाजानमा कारखाना विस्फोट २० जनाको मृत्यु, १३४ घाइते

मस्को, २ भदौ (रासस/क्युएनए)।

रुसको रियाजान क्षेत्रको शिलोभ्स्की जिल्लामा अवस्थित एक कारखानामा भएको विस्फोटमा कम्तीमा २० जनाको मृत्यु भएको र एक सय ३४ जना घाइते भएको क्षेत्रीय परिचालन मुख्यालयले जनाएको छ।

रुसी समाचार एजेन्सी (तास) का अनुसार घाइतेमध्ये ३१ जनाको अस्पतालमा उपचार भइरहेको छ भने एक सय तीन जनालाई बाह्य बिरामीका रूपमा उपचार दिइएको छ। सम्बन्धित अधिकारीहरूले खोज तथा उद्धार कार्य अझै जारी रहेको बताएका छन्।

रियाजान क्षेत्र रसायन, धातु र प्लास्टिकसहितका धेरै ठूला औद्योगिक कारखानाको केन्द्र मानिन्छ। पछिल्ला दशकमा यहाँ अनेकौं औद्योगिक दुर्घटना भएका छन् जसले ठूलो मानवीय क्षति र घाइते निम्त्याएका छन्।

# मधेसको राजस्व सङ्कलनमा प्रगति

महोत्तरी, २ भदौ (रासस) ।

मधेसमा राजस्व सङ्कलनमा उल्लेख्य प्रगति भएको छ । गत आर्थिक वर्ष २०८१/८२ को राजस्व सङ्कलन रु पाँच अर्ब ५४ करोड ७२ लाख ३३ हजार भएको छ । यो पछिल्ला सात आर्थिक वर्षकै उच्च हो ।

सात वर्ष पहिले आव २०७५/७६ मा रु दुई अर्ब ६६ करोड १५ लाख ३६ हजार राजस्व सङ्कलन भएको थियो । सात वर्षअघिको यो रकमभन्दा गत आव २०८१/८२ को सङ्कलन दोब्बर बढी भएको हो ।

मधेसको अर्थ मन्त्रालयले यसलाई उल्लेख्य प्रगति भनेको छ । कर प्रशासन सुदृढीकरण, डिजिटल प्रणालीको विस्तार र आन्तरिक आर्थिक गतिविधि बढ्नुले यो उल्लेख्य उपलब्धि हासिल भएको प्रदेशका अर्थ मन्त्रालयका सचिव रामकुमार महतो बताउनुहुन्छ । "राजस्व सङ्कलनमा यो उल्लेख्य प्रगति हो", सचिव महतोले भन्नुभयो, "यसले अब राम्रो लिक समातेको छ ।"

यसअघि आर्थिक वर्ष २०८०/८१ मा प्रदेशमा रु तीन अर्ब पाँच करोड ९२ लाख ३१ हजार राजस्व सङ्कलन भएको थियो । चालु आर्थिक वर्ष आगामी वर्षहरुमा राजस्व सङ्कलनमा अझ सुधार हुँदै जाने मन्त्रालयले जनाएको छ । सङ्कलन प्रक्रियालाई वैज्ञानिक रुपमा व्यवस्थित गरिएको हुँदा थप उपलब्धि हासिल हुने सचिव महतोको भनाइ छ ।

# विद्यालय शिक्षा ऐन जारी गर्न १६ विद्यार्थी सङ्गठनको माग

काठमाडौँ, २ भदौ (रासस) ।

सोह्र विद्यार्थी सङ्गठनले अविलम्ब विद्यार्थीमैत्री विद्यालय शिक्षा ऐन जारी गर्न माग गरेका छन् ।

संयुक्त विद्यार्थी सङ्गठनका तर्फबाट सोमबार प्रतिनिधिसभा, स्वास्थ्य शिक्षा तथा सूचना प्रविधि समितिका सभापति अम्मरबहादुर थापालाई ज्ञापनपत्र बुझाउँदै उनीहरूले पटक-पटक विद्यालय शिक्षा ऐन जारी गर्ने प्रतिबद्धता जनाएर सरकारले विद्यार्थीका मुद्दा र विधेयकप्रति उपेक्षा गरेको आरोप लगाएका छन् । विद्यार्थी सङ्गठनले विद्यालय शिक्षक नियुक्तिलाई प्रक्रिया समावेशी बनाउन तथा शत्प्रतिशत खुला प्रतिस्पर्धामार्फत शिक्षक नियुक्ति माग गरेका छन् ।

विद्यार्थी सङ्गठनको अनिवार्य सहभागितामा सर्वपक्षीय संवाद, वार्ता र छलफलमार्फत मात्र विधेयक अघि बढाउन उनीहरूले अनुरोध गरेका छन् । ध्यानाकर्षणपत्रमा नेपाल विद्यार्थी सङ्घ, अनेरास्ववियू, अनेरास्ववियू (क्रान्तिकारी), अनेरास्ववियू, राष्ट्रिय प्रजातन्त्र विद्यार्थी सङ्घ, अखिल (समाजवादी), समाजवादी विद्यार्थी युनियन, नेपाल, अखिल (क्रान्तिकारी), अखिल (छैटौँ), विद्यार्थी जनमत सङ्घ, नयाँ शक्ति विद्यार्थी युनियन, वैज्ञानिक समाजवादी विद्यार्थी सङ्गठन, अखिल (पाँचौं), राष्ट्रिय विद्यार्थी मञ्च, अखिल नेपाल विद्यार्थी युनियनलगायतले हस्ताक्षर गरेका छन् ।

# दलित सशक्तीकरण ऐन कार्यान्वयनमा सिरहाका पालिका प्रमुखको सामूहिक प्रतिबद्धता

सिरहा, २ भदौ (रासस) ।

यहाँका विभिन्न स्थानीय तहका प्रमुखहरूले दलित सशक्तीकरण ऐन, २०७६ को प्रभावकारी कार्यान्वयनमा सामूहिक प्रतिबद्धता व्यक्त गरेका छन् । गोलबजार नगरपालिकाद्वारा आइतबार यहाँ आयोजित 'स्थानीय जातीय विभेद तथा छुवाछूत अनुगमन समितिको गठन र कार्यान्वयनको अवस्था' विषयक कार्यक्रममा सहभागी १७ वटै पालिका प्रमुखले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

कार्यक्रमका प्रमुख अतिथि तथा मधेस प्रदेशका खेलकुद तथा समाजकल्याणमन्त्री प्रमोद जयसवालले जातीय आधारमा गरिने विभेदलाई अन्त्यका लागि ऐन कार्यान्वयनमा सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "देश गणतन्त्रमा प्रवेश गरेपछि दलित तथा सीमान्तकृत समुदायले धेरै अधिकार त पाएका छन्, तर त्यो पर्याप्त छैन । हामी आफैँले बनाएका ऐन र कानुनहरू प्रभावकारी कार्यान्वयन गर्न सकेका छैनौँ ।"

मन्त्री जयसवालले ऐन कार्यान्वयन सुस्त भएको स्वीकार्दै प्रदेश सरकार अनुगमन समिति गठन र कार्यान्वयनका लागि आवश्यक सहयोग गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो । धनगढीमाई नगरपालिकाका प्रमुख शिवशङ्कर महतोले आफ्नो पालिकामा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति गठन भइसकेको जानकारी दिँदै भन्नुभयो, "समाजमा कुनै प्रकारको विभेद हुनु भनेको त्यो समाज पछाडि परेको सङ्केत हो । हाम्रो पालिकामा एन कार्यान्वयनका साथै दलितलक्षित विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन् ।"

सिरहा नगरपालिका नगरप्रमुख डा नवीनकुमार यादवले विभेदजन्य शब्द र व्यवहार हटाउन कानुनी कठोरता आवश्यक रहेको धारणा राख्नुभयो । गोलबजार नगरप्रमुख श्यामकुमार श्रेष्ठले विभिन्न सङ्घसंस्थासँग समन्वय गरी दलित समुदायलक्षित कार्यक्रमहरू सञ्चालन भइरहेको जानकारी दिनुभयो ।

**सिरहाका १५ पालिकामा समिति**

नेपाल सरकारका पूर्वसचिव डा मानबहादुर विश्वकर्माले राज्यका विभिन्न निकायमा दलित समुदायको प्रतिनिधित्व र ऐन कार्यान्वयनको अवस्थाबारे वृत्तचित्रसहित प्रस्तुतीकरण गर्नुभएको थियो । उहाँको प्रस्तुतिले ऐन कार्यान्वयनको वर्तमान अवस्था र सुधार गर्नुपर्ने पक्षलाई उजागर गरेको थियो ।

दलित महिला केन्द्र नेपालकी अध्यक्ष लक्ष्मी परियारले ऐनको सुरुआत मधेस प्रदेशबाट भएको उल्लेख गर्दै हाल सातवटै प्रदेशले यस्ता ऐन निर्माण गरिसकेको जानकारी दिनुभयो । "मधेस प्रदेशका जम्मा १३६ पालिकामध्ये ४० देखि ४५ वटा पालिकामा अनुगमन समिति गठन भइसकेको छ । तीमध्ये सिरहाका १७ मध्ये १५ पालिकामा समिति गठन भइसकेकामा खुसी लागेको छ", उहाँले भन्नुभयो ।

**दलित सशक्तीकरण ऐनको कानुनी संरचना**

दलित समुदायमाथि हुने विभेद, छुवाछूत अन्त्य गर्न र शैक्षिक, सामाजिक, आर्थिक रूपमा सबल बनाउन भनेर मधेश प्रदेश सरकारले दलित सशक्तीकरण ऐन–२०७६ पारित गरेको थियो । जसमा प्रदेश सरकार र स्थानीय सरकारमा विभिन्न चारवटा समिति रहने परिकल्पना गरिएको छ । मुख्यमन्त्रीको अध्यक्षतामा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति, सामाजिक विकासमन्त्रीको अध्यक्षतामा दलित विकास समिति, प्रदेश प्रहरीअन्तर्गत एक जातीय विभेद तथा छुवाछूत नियन्त्रण इकाइ र प्रत्येक पालिकामा पालिका प्रमुखले दलित सदस्यबाट तोकेको व्यक्तिको संयोजकत्वमा जातीय विभेद तथा छुवाछूत अनुगमन समिति रहने व्यवस्था ऐनमा गरिएको छ ।

यसबाहेक जातीय विभेद तथा छुवाछूतसम्बन्धी घटनाको अनुगमन, पीडितसँग प्रत्यक्ष भेटघाट, दोषीमाथि कारबाही सिफारिस, सामाजिक सुरक्षा तथा क्षतिपूर्ति दिनेजस्ता महत्वपूर्ण अधिकार समिति र इकाइहरूलाई हुने ऐनमा व्यवस्था गरिएको छ ।

***मोबाइल फोनमा ...***

साथै विदेशी सेवा प्रदायकहरू नेपालमा दर्ता नभएको हुनाले देशको राजस्वमा समेत धेरै ठुलो घाटा लागिरहेको, सस्तो र गुणस्तरीय सेवा प्रवाह गर्नुपर्नेमा उपभोक्तालाई हैरानी दिने, इच्छाविपरीत 'रिङ ब्याक टोन' सुन्न बाध्य पार्ने, मानसिक रूपमा तनाव सिर्जना हुने काम गरिरहेको हुनाले विभिन्न चाडपर्व, मेला, महोत्सव, दिवस आदि अवसरमा बजाइने 'रिङ ब्याक टोन' बजाउन तत्काल बन्द गर्न परमादेशलगायत जो चाहिने आदेश जारी गर्न माग गरिएको छ ।

# भारतद्वारा नेपाली सेनालाई सहयोग

काठमाडौँ, २ भदौ (रासस) ।

भारतीय सरकारले नेपाली सेनालाई केही थान सवारीसाधन, घोडा र विपद्पछिको घटनाको अनुसन्धानमा प्रयोग हुने कुकुर सहयोग स्वरुप उपलब्ध गराएको छ ।

नेपालको दुईदिने भ्रमणमा रहनुभएका भारतीय विदेश सचिव विक्रम मिस्रीले सैनिक मुख्यालय जङ्गी अड्डामा सोमबार आयोजित कार्यक्रममा ती सहयोग हस्तान्तरण गर्नुभएको हो ।

भारतबाट छ थान सवारीसाधन, पाँच वटा घोडा र विस्फोटन तथा विपद्का घटनापछि खोजी र अनुसन्धानमाप्रयोग हुने दुई वटा कुकर प्राप्त भएको छ ।

यसअघि प्रधानसेनापति अशोकराज सिग्देल र विदेशसचिव मिस्रीबीच शिष्टाचार भेटवार्ता भएको थियो । भेटका अवसरमा दुई देशबीचको सहयोग, सम्बन्ध र आपसीहितका विषयमा विचार विमर्श भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

नेपाल र भारतबीच राजनीतिक तहमा मात्र नभइ सैनिक र जनस्तरमा समेत ज्यादै न्यानो र प्रगाढ सम्बन्ध रही आएको छ । नेपाल र भारतबीच एकअर्का देशका सेना प्रमुखलाई मानार्थ सेना प्रमुखको सम्मान प्रदान गर्ने अनुपम परम्परा छ । नेपाल र भारतबीच लामो समयदेखि वार्षिकरूपमा ठूलो सङ्ख्यामा एकअर्का देशमा सैनिक तालिम र प्रशिक्षणका कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

एकै खालको भाषा, धर्म र संस्कृतिका तथा पुरानो मित्रवत र खुला सीमाका कारण भारत-नेपालबीच एकअर्का देशमा सहज आवतजावतले मिततालाई जनस्तरमा घनिष्ट तुल्याएको छ ।

हस्तान्तरण समारोहमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तव र नेपाली सेनाका उच्च अधिकृत सहभागी हुनुहुन्थ्यो ।

# मुलुकभर ९४ प्रतिशत धान रोपाइँ, उत्पादन घट्ने अनुमान

काठमाडौँ, २ भदौ (रासस) ।

मुलुकभर हालसम्म ९४.१५ प्रतिशत धान रोपाइँ सम्पन्न भएको छ । गत वर्ष सोही अवधिमा ९८.४४ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको थियो ।

कृषि विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी ९९.७२ रोपाइँ भएको छ । मनसुन ढिला सक्रिय भएकाले मधेस प्रदेशमा सबैभन्दा कम ८६.३५ प्रतिशत रोपाइँ सम्पन्न भएको विभागका महानिर्देशक प्रकाश सञ्जेलले जानकारी दिनुभयो ।

हालसम्म कर्णाली प्रदेशमा ९९.३४ प्रतिशत, लुम्बिनी प्रदेशमा ९८.०७ प्रतिशत रोपाइँ भएको छ भने बागमती प्रदेशमा ९७.२७ प्रतिशत, गण्डकी प्रदेशमा ९४.८३ प्रतिशत र कोशी प्रदेशमा ९४.४२ प्रतिशत रोपाइँ भएको छ ।

देशभर करिब १३ लाख हेक्टर क्षेत्रफल जमिनमा रोपाइँ सम्पन्न भएको छ । मुलुकभरि करिब १४ लाख हेक्टर जमिन खेतीयोग्य रहेको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले जनाएको छ । भदौ दोस्रो सातासम्म केही प्रतिशत रोपाइँ वृद्धि हुने अनुमान गरिएको छ ।

धान उत्पादन तथा क्षेत्रफलका हिसाबले तराई क्षेत्र उपयुक्त मानिन्छ । तराईमा कूल उत्पादनको ७० प्रतिशत र पहाडी क्षेत्रमा ३० प्रतिशत उत्पादन हुने गरेको जनाइएको छ । आर्थिक वर्ष २०८०/८१ मा ५७ लाख २४ हजार दुई सय ३४ मेट्रिकटन धान उत्पादन भएको थियो । यस वर्ष स्वदेशमा उत्पादन हुने अनुमान गरिएको ६० लाख मेट्रिकटन धानबाट करिब ३५ लाख मेट्रिकटन खानयोग्य चामल उत्पादन हुने जनाइएको छ ।

# छोरी शिक्षा बिमा कार्यक्रम स्थगित

धनुषा, २ भदौ (रासस) ।

मधेस प्रदेश सरकारले सात वर्ष अगाडि सञ्चालनमा ल्याएको मुख्यमन्त्रीले 'बेटी पढाउ बेटी बचाउ' योजनाअन्तर्गत छोरी शिक्षा बिमा कार्यक्रम स्थगित भएको छ ।

मधेस प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को बजेटमा छोरी शिक्षा बिमाको लागि बजेट विनियोजन नगरेको शिक्षा विकास निर्देशनालयले जनाएको छ ।

निर्देशनालयका छोरी शिक्षा बिमा कार्यक्रमका संयोजक प्रियङ्का यादवले बजेट अभावमा सो कार्यक्रम हाल स्थगित भएको बताउनुभयो । निर्देशनालयबाट प्राप्त विवरणअनुसार छोरी शिक्षा बिमा कार्यक्रमअन्तर्गत हालसम्म १४ हजार ४५३ जना छोरीको बिमा गरिएको जानकारी दिइएको छ ।

कार्यक्रम संयोजक यादवका अनुसार आव २०७५/७६ मा पाँच हजार ६६६ जना, आव २०७८/७९ मा एक हजार ७०२, आव २०७९/८० मा तीन हजार ३०२ जना, आव २०८०/८१ मा तीन हजार ७८३ जना छोरीको बिमा गरिएको थियो ।

हाल १० हजार छोरीको बिमाको प्रिमियम तिर्न बाँकी छ । कार्यक्रमअन्तर्गत एक जनाको बिमा गर्दा रु ३७ हजार चार सय ५७ रुपैयाँ ३७ पैसा प्रिमियम तिर्नुपर्छ ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*